# सुचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सुचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

स्वतः प्रकाशन

२०८२ वैशाख – असार

कोन्ज्योसोम गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चौघरे ललितपुर

नेपालको संविधानले नागरिकहरूमा सूचनाको हक प्रत्याभूत गरेको छ । सूचनाको हकको संवैधानिक व्यवस्था कार्यान्वयनको लागि सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ कार्यान्वयनमा रहेको छ । सूचनाको हक सम्बन्धी ऐनको दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरूको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ ।

कोन्ज्योसोम गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ को वैशाख, जेठ र असार महिनामा सम्पादन गरेका प्रमुख कामहरूको विवरण स्वतः प्रकाशन गरिएको छ।

मितिः २०८२ साउन २२

कोन्ज्योसोम गाउँपालिका
चौघरे ललितपुर ।

**(१) कार्यालयको स्वरुप र प्रकृतिः** नेपालको संविधान भाग ५ राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड अन्तर्गत धारा ५६ को (४) र (५) मा भएको व्यवस्था अनुसार देशभरमा ७५३ स्थानीय तह (गाउँ तथा गाउँपालिका) हरू गठन भई प्रदत्त कानून बमोजिम संचालनमा रहेका छन् । यीनै ७५३ मध्ये बागमती प्रदेश अन्तर्गत ललितपुर जिल्लाको दक्षिणी भेगमा अवस्थित एक सुन्दर पहाडी कोन्ज्योसोम गाउँपालिका हो । यस गाउँपालिकालाई तत्कालीन सरकारले वि.स. २०७३ साल फाल्गुन २७ गते साविकाका ५ वटा गाउँ विकास समिति क्रमशः चौघरे, शंखु, दलचोकी, नल्लु र भारदेउ मिलाएर स्थानीय तह पुनसंरचना पश्चात यो गाउँपालिका ५ वटा वडामा विभाजित भएकोछ । हालको संविधान २०७२ जारी भएसँगै मुलुकमा संघिय व्यवस्था कार्यान्वयनमा आएको छ । संवैधानिक रुपमै तीन तहको सरकारको जिम्मेवारी समेत किटान गरी संघियता लागू भएकाले गाउँपालिकाको अधिकार तथा सेवा प्रवाहको क्षेत्रानुसार भूमीकामा व्यापकता आएको छ ।

स्थानीय तहको मिति २०७९ वैशाख ३१ मा भएको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरूको नेतृत्वमा कोन्ज्योसोम गाउँसभा र गाउँ कार्यपालिकाबाट यो गाउँपालिका सञ्चालित छ । २०७८ सालको राष्ट्रिय जनगणना अनुसार कोन्ज्योसोम गाउँपालिकाको कुल जनसंख्या ८९८९ रहेको छ जसमा महिलाको जनसंख्या ४५९१ र पुरुषको जनसंख्या ४३९८ रहेको छ । कुल घरपरिवार संख्या २१४२ रहेको छ। ४४.१८ वर्ग कि.मि. क्षेत्रफल रहेको यो गाउँपालिकाको पूर्वमा काभ्रेपलाञ्चोक जिल्लाको पनौती गाउँपालिका र वेथानचोक गाउँपालिका, पश्चिमतर्फ ललितपुर जिल्लाको बागमती गाउँपालिका र गोदावरी गाउँपालिका, उत्तरतर्फ गोदावरी गाउँपालिका र दक्षिणतर्फ बागमती गाउँपालिका र मंहाकाल गाउँपालिका भित्र फैलिएको छ ।

गाउँपालिका सञ्चालन व्यवस्थापन एवम् नियमित सेवा प्रवाहका लागि गाउँपालिकामा निर्वाचित जनप्रतिनिधिहरू २९ जना र विभिन्न कार्यक्रमहरूमा समेत गरी कार्यरत जम्मा १०४ जना (गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालय/स्वास्थ्य संस्था) कर्मचारीहरू मार्फत गाउँपालिकाको समग्र सेवा प्रवाहको व्यवस्थापन हुँदै आएको छ । त्यसै गरी विद्यालयस्तरमा १५४ जना शिक्षक तथा २३ जना विद्यालय कर्मचारीहरू बालविकास सहजकर्ता ३० जना एवम् स्थानीयस्तरमा सामुदायिक महिला स्वास्थ्य स्वयमसेबीकाहरू ४५ जना, न्यायिक समिति पदाधिकारीहरु ३ जना र मेलमिलापकर्ताहरू ३१ जनाबाट समेत सेवा सञ्चालनमा सहजीकरणको भूमिका निर्वाह भएको छ । यसरी हेर्दा, स्थानीय तहको स्वरुप प्रशासनिक र राजनीतिक दुवै प्रकारको हुन्छ भने यसको प्रकृति लोकतान्त्रिक, सहभागितामुलक र जनउत्तरदायी हुन्छ ।

**(२) कार्यालयको काम, कर्तव्य र अधिकारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ बमोजिम गाउँपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क. गाउँ प्रहरी ईकाई गठन, संचालन र व्यवस्थापन

ख. सहकारी संस्था नियमन

ग. एफ.एम. सञ्चालन

घ. स्थानीय कर सेवा शुल्क तथा दस्तुर

ङ. स्थानीय सेवाको व्यवस्थापन

च. स्थानीय तथ्यांक र अभिलेख सकंलन

छ. स्थानीयस्तरका विकास आयोजना तथा परियोजना

ज. आधारभूत र माध्यमिक शिक्षा

झ. आधारभूत स्वास्थ्य र सरसफाई

ञ. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता

ट. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाइ

ठ. गाउँसभा, गाउँ सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन

ड. स्थानीय अभिलेख व्यवस्थापन

ड. जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण (यो अधिकार कार्यान्वयनमा आएको छैन ।

ण. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी

त. जेष्ठ नागरिक, अपागंता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन

थ. बेरोजगारको तथ्याकं संकलन

द. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण

ध. खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा

न. विपद् व्यवस्थापन

प. जलाधार बन्यजन्तु खानी तथा खनिज पदार्थको संरक्षण

फ. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

ब. खेलकुद र पत्रपत्रिका

भ. आधारभूत स्वास्थ्य सेवा व्यवस्थापन

म. विद्युत, खानेपानी तथा सिँचाइ जस्ता सेवाहरू

य. सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क

र. बन, जगंल, बन्यजन्तु, चराचुरुगीं, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता

ल. सामाजिक सुरक्षा र गरिबी निवारण

ब. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याक

स. स्थानीयस्तरमा पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, सम्वद्धन र पुनः निर्माण ।

ष. सुकुम्बासी व्यवस्थापन

श. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी व्यवस्थापन
ह. सवारी साधन अनुमति व्यवस्थापन
क्ष. भूमि व्यवस्थापन
त्र. सञ्चार सेवा व्यवस्थापन
ज्ञ. यातायात सेवा व्यवस्थापन
क.१ संघ संस्था दर्ता तथा नवीकरण

**वडा समितिबाट सम्पादन हुने कार्य**

(क) वडास्तरीय तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने।

(ख) बडाका विकास निर्माणका योजना तर्जुमा कार्यान्वयन, अनुगमन र आवधिक प्रगति समीक्षा गर्ने ।

(ग) बडाका विकास निर्माणका कार्यहरू गर्ने ।

(घ) कानून बमोजिमका नियमन कार्य गर्ने ।

(ङ) अभिलेख व्यवस्थापन, सिफारिस तथा प्रमाणित गर्ने ।

**(३) कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरणः** गाउँपालिका, वडा तथा स्वास्थ्य संस्था समेत गरी कुल १९६ जना कर्मचारी रहनेछन्। जसमध्ये २० जना वडा, ११६ जना गापा केन्द्र र २० जना अस्पताल र ४० जना स्वास्थ्य संस्थाहरुका लागि प्रस्ताव गरिएको छ ।

**गाउँपालिकाको प्रस्तावित जनशक्ति दरवन्दी साराँश (तहगत)**

| अधिकृत आठौं | अधिकृत सातौं/आठौं | अधिकृत छैठौं/सातौं/आठौं | अधिकृत छैठौं/सातौं | पाचौं/छैठौं/सातौं | अधिकृत/सहायक छैठौं/पाचौं | सहायक पाचौं | सहायक चौथो/पाचौं | सहायक चौथो | श्रेणी विहिन | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५ | ५ | ५ | १३ | २९ | २३ | २८ | ३८ | ४८ | १९६ |

(४) **कार्यालयबाट प्रदान गरिने सेवाः**

१) नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई प्राप्त अधिकार अनुसारका आवश्यक कानून तर्जुमा गरि कार्यान्वयन गर्ने गराउने।।

२) गाउँपालिकाको बजेट नीति तथा कार्यक्रम तर्जुमा गरि विकास योजना तथा कार्यक्रम सञ्चालन गर्ने गराउने।

३) गाउँपालिका र अन्तरगतका शाखा, वडा कार्यालय, स्वास्थ्य संस्था र सेवा केन्द्रबाट नियमित सेवा प्रवाह सञ्चालन र व्यबस्थापन गर्ने गराउने।

४) विभिन्न योजना कार्यक्रम सञ्चालन तथा सेवा प्रवाहको क्षेत्रमा भए गरेका कार्यहरूको नियमित रुपमा अनुगमन मूल्याङ्कन गर्ने ।

५) गाउँपालिकाको गतिविधिहरूलाई समयसमयमा विभिन्न सञ्चार माध्यमहरूबाट सार्वजनिक गरी आम नागरिकलाई जानकारी गराउने ।

६) दिगो विकास लक्ष्य हासिल गर्न दिगो र प्रभावकारी रुपमा विकास व्यवस्थापनका लागि विभिन प्रकारका अध्ययन अनुसन्धान प्रतिवेदन तयार गर्ने गराउने ।

७) गाउँको समग्र विकास एवम् सेवा प्रवाहका लागि आवश्यक संस्थागत तथा मानव संसाधन विकास योजना तर्जुमा एवम् क्षमता विकास गरी स्रोत साधनको अधिकतम परिचालन गर्ने ।

८) गाउँपालिकाबाट गरिएका कार्यहरूको अभिलेखलाई संग्रहित एवम् सूचना व्यवस्थापन गर्ने ।

९) गाउँ विकासमा सरोकार राखे संघ, प्रदेश, स्थानीय सरकार र अन्य सरोकारवालाहरूसंग आवश्यक समन्वय र सहकार्य गर्ने ।

१०) कोन्ज्योसोम गाउँ कार्यपालिकाको कार्यालयबाट प्रदान गरिएको सेवाको सूचना माग भए बमोजिम सूचनाको हक सम्बन्धी ऐन तथा नियमावली अनुसार प्रवाह गर्ने ।

**(५) सेवा प्रदान गर्ने निकायको शाखा, उपशाखा र जिम्मेवार अधिकारीः** कोन्ज्योसोम गाउँपालिकाको कार्यालय तथा मातहतका कार्यालयमा रहेका शाखा, उपशाखा तथा जिम्मेवार कर्मचारीहरुको संक्षिप्त विवरण

| क्र.सं. | शाखा उपशाखा इकाइ केन्द्र | कर्मचारीको नाम, थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | गाउँ कार्यपालिकाको कार्यालय | गोपाल प्रसाद दुलाल | प्रमुख प्रशासकीय अधिकृत | ९८५१४२०१०० |
| २ | आर्थिक प्रशासन शाखा | तप्तराज उपाध्याय | लेखा अधिकृत | ९८५८४२१०३० |
| ३ | सामाजिक विकास शाखा/शिक्षा, युवा तथा खेलकुद शाखा | बिष्णुप्रसाद आचार्य | बरिष्ठ शिक्षा अधिकृत | ९८६०२९२६०६ |
| ४ | योजना, अनुगमन तथा तथ्याङ्क व्यवस्थापन शाखा | चित्रदेव दहाल | अधिकृत | ९८४९२९६०५२ |
| ५ | कर्मचारी प्रशासन शाखा | काशीप्रसाद दहाल | अधिकृत | ९८५१२०७८७७ |
| ६ | पूर्वाधार विकास शाखा | अशोक रोकाया | सहायक इन्जिनियर | ९८४१३५२१५६ |
| ७ | आर्थिक विकास शाखा/कृषि विकास शाखा | सीता लामा | कृषि अधिकृत | ९८४१४७१७५३ |
| ८ | स्वास्थ्य शाखा | जयराम संजेल | सि.अ.हे.व. छैटौं | ९८४३८०२४९४ |
| ९ | आन्तरिक लेखा परीक्षण शाखा | मधुसुदन उपाध्याय | सहायक लेखा अधिकृत | ९८४४८१२३४६ |
| १० | सार्वजनिक खरिद तथा | राजकुमार घर्तीमगर | अधिकृत | ९८४६५९९७७५ |

| | | | | |
|---|---|---|---|---|
| | जिन्सी उपशाखा | | | |
| ११ | न्याय तथा कानून उपशाखा | मीनु घिमिरे | सामाजिक परिचालक | ९८६०१९५०३३ |
| १२ | महिला बालबालिका तथा समावेशी उपशाखा | सपना तामाङ | बालकल्याण अधिकारी | ९८५१३३६६१८ |
| १३ | सामाजिक सूरक्षा तथा पञ्जीकरण उपशाखा | अर्जिना घिसिङ | MIS अपरेटर | ९८४४२७७८९६ |
| १४ | संघ, संस्था दर्ता तथा व्यवस्थापन उपशाखा | बिष्णु सिजापती | सहायक कम्प्युटर अपरेटर | ९८४९७४१०९७ |
| १५ | रोजगार प्रवर्द्धन तथा गरिवी न्यूनीकरण/ रोजगार सेवा केन्द्र उपशाखा | मदन कुमार लामा | रोजगार संयोजक | ९८४१४८६३३८ |
| १६ | भवन तथा भूमी व्यवस्थापन उपशाखा | अनिल नगरकोटी | सब-इन्जिनियर | ९८५११८०४५१ |
| १७ | वन, वातावरण तथा विपद् व्यवस्थापन उपशाखा | बिक्रम महर्जन | वरिष्ठ सहायक | ९८५११७१५५० |
| १८ | आपतकालीन सामाग्री व्यवस्थापन ईकाई (व्याक हो लोडर/एम्बुलेन्स) | जयराम संजेल<br>अशोक रोकाया | सि.अ.हे.व. छैटौ<br>सहायक इन्जिनियर | ९८४३८०२४९४<br>९८४१३५२१५६ |
| १९ | पशुपन्छी तथा मत्स्य विकास उपशाखा | मदन थिङ | सहायक पाँचौ | ९८४८७४५०६६ |
| २० | सूचना तथा संचार प्रविधि उपशाखा | माधव घिमिरे | सूचना प्रविधि अधिकृत | ९८५११९९११४ |
| २१ | उद्योग तथा सहकारी व्यवस्थापन मेडपा उपशाखा | मन्दिरा श्रेष्ठ | उ.वि.सहजकर्ता | ९८६०३२८२१० |
| २२ | राजश्व उपशाखा | बिष्णु सिजापती | सहायक कम्प्युटर अपरेटर | ९८४९७४१०९७ |
| वडा कार्यालय र वडा सचिवहरु | | | | |
| १ | १ नं. वडा कार्यालय, चौघरे | प्रेम लामा | वडा सचिव | ९८६०३५०८१५ |
| २ | २ नं. वडा कार्यालय, शंखु | सल्लेशमान भोम्जन | वडा सचिव | ९८६९१८६२१३ |
| ३ | ३ नं. वडा कार्यालय, दलचोकी | कुमारी लक्ष्मी खड्का | वडा सचिव | ९८६८१६४८०६ |
| ४ | ४ नं. वडा कार्यालय, नल्लु | भवानी थापा क्षेत्री | वडा सचिव | ९८४६९५३६१७ |
| ५ | ५ नं. वडा कार्यालय, | तृष्णा दुर्गा राई | अधिकृत छैटौ/वडा | ९८१९००२०८१ |

| | | | | |
|---|---|---|---|---|
| | भारदेउ | | सचिव | |
| स्वास्थ्य संस्था र केन्द्रहरु | | | | |
| १ | चौघरे स्वास्थ्य चौकी | प्रेम कुमार चौधरी | ज.स्वा.नि. | ९८४१५२६३७३ |
| २ | शंखु स्वास्थ्य चौकी | गरिमा विष्ट मगर | ज.स्वा.नि. | ९८५१३३०४६७ |
| ३ | दलचोकी स्वास्थ्य चौकी | बिजयराम महर्जन | सि.अ.हे.व. पाँचौ | ९८४१२६०४६१ |
| ४ | नल्लु स्वास्थ्य चौकी | नवलकिशोर महतो | सि.अ.हे.व. छैटौ | ९८४१०५८५६५ |
| ५ | भारदेउ स्वास्थ्य चौकी | धनकुमारी राजभण्डारी | सि.अ.न.मि. छैटौ | ९८६६५४३४७१ |
| ६ | सामुदायिक स्वास्थ्य इकाई, चौघरे | अनिता घ्याबा | अ.हे.ब. | ९८६०६८४७४८ |

**(६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः** कोन्ज्योसोम गाउँपालिका आर्थिक ऐन, २०८२ तथा अन्य प्रचलित कानूनमा तोकिए बमोजिमको शुल्क तथा दस्तुर अनुसार गाउँ कार्यपालिकाको कार्यालय र मातहतका तोकिए बमोजिमका कार्यालयबाट सेवा बापतको दस्तुर तथा सेवा शुल्क लिइ सेवा प्रवाह गरिन्छ । सेवा प्रवाहको लागि स्थलगत सर्जमिन मुचुल्का बाहेकका अन्य प्रशासनिक सेवा सोही दिन तत्कालै उपलब्ध गराइन्छ । सुचनाको हकको सम्बन्धमा सुचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधिभर र अन्यका हकमा नागरिक बडापत्रमा तोके बमोजिम र विशेष कानुनले अवधि तोकेकोमा सोही बमोजिम ।

**(७) निर्णय गर्ने प्रक्रिया र अधिकारीः** सम्बन्धित अधिकारीले कार्यको प्रकृति हेरी सोसँग सम्बन्धित शाखा र उपशाखामा आवश्यक कारवाहीका लागि पठाउने र शाखाप्रमुखबाट कारबाही अगाडी बढाउने गरिएको ।

**(८) निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

प्रमुख प्रशासकीय अधिकृतः श्री गोपाल प्रसाद दुलाल

**(९) सम्पादन गरेको कामको विवरणः**

यस गाउँपालिकाको नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रुपमा गाउँपालिकाले गर्न सक्ने सम्पूर्ण काम कारवाहीहरु गर्दै आईरहेको छ ।

**(१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः**

कार्यालय प्रमुखको नामः गोपालप्रसाद दुलाल

पद: प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क नम्बर:९८५१४२०१००

सूचना अधिकारीको नामः विष्णुप्रसाद आचार्य

पद: बरिष्ठ शिक्षा अधिकृत

सम्पर्क नम्बर: ९८५१४२०१११

**(११) ऐन, नियम,नीति वा निर्देशिकाको सूचीः**

| सि.नं. | **ऐन, नियम,नीति, निर्देशिका वा मापदण्डको नाम** |
|---|---|
| १ | कोन्ज्योसोम गाउँपालिकाको प्रशासकीय कार्यविधि) नियमित गर्न (ऐन,२०७५ |
| २ | कोन्ज्योसोम गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी ऐन,२०७५ |
| ३ | कोन्ज्योसोम गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७६ |
| ४ | स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ |
| ५ | कोन्ज्योसोम गाउँपालिकाको सहकारी ऐन, २०७९ |
| ६ | कोन्ज्योसोम गाउँपालिकाको शिक्षा ऐन, २०७९ |
| ७ | कोन्ज्योसोम गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति२०८०— |
| ८ | कोन्ज्योसोम गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति२०८०— |
| ९ | कोन्ज्योसोम गाउँपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०८० |
| १० | कोन्ज्योसोम गाउँपालिका प्रज्ञा प्रतिष्ठान ऐन ,२०८१ |
| ११ | कोन्ज्योसोम गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ |
| १२ | कोन्ज्योसोम गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७६ |
| १३ | कोन्ज्योसोम गाउँपालिकाको कृषि सेवा सम्बन्धी कार्यक्रमहरु सञ्चालन कार्यविधि,२०७६ |
| १४ | कोन्ज्योसोम गाउँपालिकाको अध्यक्ष रोजगार कार्यक्रम) सञ्चालन तथा व्यवस्थापनकार्यविधि (, २०७६ |
| १५ | कोन्ज्योसोम गाउँपालिकाको अध्यक्ष रोजगार कार्यक्रम) सञ्चालन तथा व्यवस्थापनकार्यविधि (, २०७६ |
| १६ | कोन्ज्योसोम गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ |
| १७ | कोन्ज्योसोम गाउँपालिकाको एम्बुलेन्स सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ |
| १८ | कोन्ज्योसोम गाउँपालिकाको मेलमिलाप सम्बन्धी कार्यसञ्चालन कार्यविधि, २०७६ |

| | |
|---|---|
| १९ | कोन्ज्योसोम गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ |
| २० | कोन्ज्योसोम गाउँपालिकाको असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७७ |
| २१ | कोन्ज्योसोम गाउँपालिकामा संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ |
| २२ | कोन्ज्योसोम गाउँपालिकामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी कार्यविधि, २०७७ |
| २३ | कोन्ज्योसोम गाउँपालिकाको“ खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता तथा नवीकरण व्यवस्थापन कार्यविधि, २०७७ |
| २४ | कोन्ज्योसोम गाउँपालिकाको संस्था दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०७७ |
| २५ | कोन्ज्योसोम गाउँपालिकाको स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ |
| २६ | कोन्ज्योसोम गाउँपालिकाको गुनासो सम्बोधन तथा व्यवस्थापन कार्यविधि, २०७७ |
| २७ | कोन्ज्योसोम गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ |
| २८ | कोन्ज्योसोम गाउँपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचय पत्र—वितरण कार्यविधि, २०७८ |
| २९ | कोन्ज्योसोम गाउँपालिकाको वडा/कार्यपालिका सभा बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ |
| ३० | कोन्ज्योसोम गाउँपालिकाको ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि, २०७९ |
| ३१ | कोन्ज्योसोम गाउँपालिकाको कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार) निवारणसंहिता आचार (, २०७९ |
| ३२ | कोन्ज्योसोम गाउँपालिकाको कर्मचारी अवकाश) उपदान (सेवा संचालन कार्यविधि, २०७९ |
| ३३ | कोन्ज्योसोम गाउँपालिकाको खेलकुद पुरस्कार तथा सम्मान कार्यविधि, २०७९ |
| ३४ | कोन्ज्योसोम गाउँपालिकाको स्थानीय लैंगिक हिंसा निवारण कोष) सञ्चालन (कार्यविधि २०७९ |
| ३५ | कोन्ज्योसोम गाउँपालिकाको विपद् पीडित राहत, २०७९ |
| ३६ | कोन्ज्योसोम गाउँपालिकाको बालअधिकार संरक्षण तथा सम्वद्र्धन कार्यविधि, २०८० |
| ३७ | कोन्ज्योसोम गाउँपालिकाको छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८० |
| ३८ | कोन्ज्योसोम गाउँपालिकाको वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संगठन सम्बन्धी कार्यविधि, २०८० |
| ३९ | अनुगमन तथा सुपरिवेक्षण समितिको कार्य सञ्चालन कार्यविधि, २०८० |
| ४० | व्याक हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०८० |
| ४१ | खेलकुद परिषद् गठन सम्बन्धी कार्यविधि, २०८० |
| ४२ | कार्यविभाजन नियमावली, २०८० |
| ४३ | कार्य सम्पादन नियमावली, २०८० |
| ४४ | निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण सम्बन्धमा (कार्यविधि)व्यवस्था गर्न बनेको नियमावली, २०८० |

| | |
|---|---|
| ४५ | कोन्ज्योसोम गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यविधि, २०८० |
| ४६ | कोन्ज्योसोम गाउँपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०८० |
| ४७ | कोन्ज्योसोम गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी कार्यविधि, २०८१ |
| ४८ | आन्तरिक नियन्त्रण कार्यविधि, २०८१ |
| ४९ | पर्यटन व्यवस्थापन कार्यविधि, २०८१ |
| ५० | खानेपानी व्यवस्थापन कार्यविधि, २०८१ |
| ५१ | अनुदान संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ |
| ५२ | सामुदायिक वीउ बैङ्क संचालन कार्यविधि ,२०८१ |
| ५३ | कोन्ज्योसोम प्रज्ञा प्रतिष्ठान ऐन, २०८१ |

## (१२) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८२/०३/३२ | | | | | |
|---|---|---|---|---|---|
| आय | | व्यय | | | |
| शीर्षक | वास्तविक आय | शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) |
| संघीय सरकार | २०,७१,२२,३५२.२० | चालु | २७,२०,४०,६५८.०० | २४,३७,७०,३८३.०१ | ८९.६१ |
| १३३११ समानिकरण अनुदान | ६,४२,३२,०००.०० | २११११ पारिश्रमिक कर्मचारी | १४,८९,१०,७५१.०० | १३,७८,७०,६४८.६९ | ९२.५९ |
| १३३१२ शसर्त अनुदान चालु | १३,४४,५९,४४०.२० | २११२१ पोशाक | ८,५०,०००.०० | ७,००,०००.०० | ८२.३५ |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १८,४६,८१३.०० | २११३२ महंगी भत्ता | १०,००,०००.०० | ६,८६,३३३.०० | ६८.६३ |
| १३३१५ विषेश अनुदान पुँजीगत | ६५,८४,०९९.०० | २११३४ कर्मचारीको बैठक भत्ता | ८,००,०००.०० | ५,११,०००.०० | ६३.८८ |
| प्रदेश सरकार | ५,६५,३४,५७०.७४ | २११३९ अन्य भत्ता | २,२५,०००.०० | २,२२,०००.०० | ९८.६७ |
| १३३११ समानिकरण अनुदान | ५२,५२,०००.०० | २११४१ पदाधिकारी बैठक भत्ता | ७,२०,०००.०० | ६,६३,०००.०० | ९२.०८ |
| १३३१२ शसर्त अनुदान चालु | २,०९,०५,७७९.६३ | २११४२ पदाधिकारीअन्य सुबिधा | ७,००,०००.०० | ५,८८,०००.०० | ८४ |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ९७,४२,७१०.११ | २११४९ पदाधिकारी अन्य भत्ता | ८,७१,०००.०० | ८,०४,०००.०० | ९२.३१ |
| १३३१५ विषेश अनुदान पुँजीगत | ५८,११,८०९.०० | २१२१४ कर्मचारी कल्याण कोष | ९,००,०००.०० | ० | ० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १,४८,२२,२७२.०० | २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | १०,४०,०००.०० | ९,३६,४७०.०० | ९०.०५ |
| राजस्व बाडफाड | ६,२२,८७,७८३.७२ | २२१११ पानी तथा बिजुली | २२,०२,०००.०० | २०,८३,९१०.९८ | ९४.६४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | ३२,८७,५२१.४० | २२११२ संचार महसुल | १०,९४,०००.०० | १०,०२,६९७.८८ | ९१.६५ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ३,२६,२२,५४५.७२ | २२२१२ इन्धन (कार्यालय प्रयोजन) | २५,५४,१००.०० | २५,४८,८००.०० | ९९.७९ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | १,४०,८३,५०६.८८ | २२२१३ सवारी साधन मर्मत खर्च | १९,००,०००.०० | १८,९७,७५६.५९ | ९९.८८ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १,१०,९४,९४८.४३ | २२२१४ बिमा तथा नवीकरण खर्च | ५,१५,०००.०० | ५,१५,०००.०० | १०० |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ८७,०८६.२१ | २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ८,३४,७००.०० | ७,६८,९८१.०० | ९२.१३ |
| १४१५४ बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ९,२०,८४६.४० | २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ३३,७४,१००.०० | २९,०९,७५९.०० | ८६.२४ |
| १४१५५ बाँडफाँड भई प्राप्त जलस्रोत सम्बन्धी रोयल्टी | १,९१,३२८.६८ | २२३१२ पशुपंक्षीहरूको आहार | १३,५०,०००.०० | १३,५०,०००.०० | १०० |
| अन्तरिक श्रोत | ४,९०,७४,३६७.८७ | २२३१३ पुस्तक तथा सामग्री खर्च | १,५०,०००.०० | ९४,५२४.०० | ६३.०२ |
| ११३१३ सम्पती कर | ८,१९,४२७.०० | २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १८,६४,०००.०० | १७,९९,१५१.०० | ९६.५२ |
| ११३१४ भुमिकर/मालपोत | ८,६४,१२१.०० | २२३१९ अन्य कार्यालय संचालन खर्च | ३१,२५,०००.०० | ३०,८५,२२३.५६ | ९८.७३ |
| ११३१७ वहाल कर | २,९८,१०२.४० | २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २,००,०००.०० | १,९९,२९२.०० | ९९.६५ |
| ११३१८ वहाल विटौरी कर | १४,९००.०० | २२४१३ करार सेवा शुल्क | १,३५,००,०००.०० | १,३१,६०,९७४.६८ | ९७.४९ |
| ११४७९ अन्य मनोरञ्जन कर | २,०००.०० | २२४१९ अन्य सेवा शुल्क | ३५,००,०००.०० | ३४,९९,३७०.०० | ९९.९८ |
| ११६९१ अन्य कर | ४००. | २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २९,३२,०००.०० | २७,८२,७६०.०० | ९४.९१ |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | २,३२,५५,१४८.०० | २२५२२ कार्यक्रम खर्च | ५,०२,९८,०००.०० | ३,९४,३६,६६७.६३ | ७८.४१ |

| | | | | | |
|---|---|---|---|---|---|
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १३,९२,१९४.०७ | विविध कार्यक्रम खर्च | ८९,६६,६५८.०० | ८४,०८,५९८.०० | ९३.७८ |
| अन्य सेवा शुल्क तथा बिक्री | ५१,८८५.०० | अनुगमन, मूल्यांकन खर्च | ११,७०,०००.०० | ६,७५,०००.०० | ५७.६९ |
| न्यायिक दस्तूर | १,०००.०० | भ्रमण खर्च | २०,००,०००.०० | १६,३६,०३६.०० | ८१.८ |
| परीक्षा शुल्क | १,०००.०० | अन्य भ्रमण खर्च | ० | ० | ० |
| अन्य प्रशासनिक सेवा शुल्क | १२,७८,४३४.२० | विविध खर्च | ६४,८४,३४९.०० | ६२,५६,८३२.०० | ९६.४९ |
| नक्सापास दस्तुर | ३५,९४५.४५ | सभा सञ्चालन खर्च | ५,००,०००.०० | ४,२०,६२५.०० | ८४.१३ |
| सिफारिश दस्तुर | २४,५८,४४७.९२ | २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | ० | ० | ० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ५२,८००.०० | स्वास्थ संस्थाहरूलाई सहायता | ५०,०००.०० | ४९,९००.०० | ९९.८ |
| नाता प्रमाणित दस्तुर | ४०,५००.०० | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | ५,५०,०००.०० | ० | ० |
| अन्य दस्तुर | ६,५४,४७८.०० | अन्य सस्था सहायता | ३,५०,०००.०० | ३,५०,०००.०० | १०० |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३,२९,२००.०० | सामाजिक सुरक्षा | ५,००,०००.०० | ० | ० |
| विद्युत सम्बन्धी दस्तुर | १००. | अन्य सामाजिक सुरक्षा | ० | ० | ० |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | १,५१,९५०.०० | छात्रवृत्ति | १०,००,०००.०० | ८,२८,७००.०० | ८२.८७ |
| अन्य राजस्व | ५,५७,८४०.७० | औषधीखरिद खर्च | १८,००,०००.०० | १७,९९,१२०.०० | ९९.९५ |
| नगद | ० | अन्य सामाजिक सहायता | १,००,०००.०० | १,००,०००.०० | १०० |
| बैंक मौज्दात | १,६८,१४,४९४.१३ | घरभाडा | ६,००,०००.०० | ५,८३,५४९.०० | ९७.२६ |
| स्थानीय तह | ३४,९९,९९०.०० | सवारी साधन तथा मेशिनर औजार भाडा | २४,६०,०००.०० | २४,४५,७०३.०० | ९९.४२ |
| समानिकरण अनुदान | ३४,९९,९९०.०० | अन्य भाडा | १,००,०००.०० | १,००,०००.०० | १०० |
| जम्मा | ३७,८५,१९,०६४.५३ | पूंजीगत | १९,६१,३१,३१७.०० | १३,३०,८३,२७७.०५ | ६७.८४ |
| | | आवासीय भवन निर्माण/खरिद | १०,५०,०००.०० | १०,४३,४३२.०० | ९९.३७ |
| | | गैर आवासीय भवन निर्माण/खरिद | ७,६८,८४,२७८.०० | ५,७९,२९,३६१.०० | ७५.३४ |

| | | | | |
|---|---|---|---|---|
| | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ३१,००,०००.०० | १,००,०००.०० | ३.२३ |
| | सवारी साधन | ६०,००,०००.०० | ५९,५२,७००.०० | ९९.२१ |
| | मेशिनरी तथा औजार | २४,९०,०००.०० | २३,५३,८६४.०० | ९४.५३ |
| | फर्निचर तथा फिक्चर्स | २२,००,०००.०० | २१,१९,०६९.०० | ९६.३२ |
| | पशुधन तथा बागवानी विकास खर्च | ६,००,०००.०० | ५,८३,८००.०० | ९७.३ |
| | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ३,००,०००.०० | ९९,०००.०० | ३३ |
| | सडक तथा पूल निर्माण | ५,४९,७४,८९९.०० | ३,१६,७१,०६७.०० | ५७.६१ |
| | विद्युत संरचना निर्माण | ३,७०,०००.०० | ३,७०,०००.०० | १०० |
| | तटबन्ध तथा बाँधनिर्माण | १०,००,०००.०० | १०,००,०००.०० | १०० |
| | खानेपानी संरचना निर्माण | ९५,१५,०००.०० | ५१,८८,१४८.११ | ५४.५३ |
| | वन तथा वातावरण संरक्षण | ५,००,०००.०० | ४,८९,४४८.०० | ९७.८९ |
| | अन्य सार्वजनिक निर्माण | ३,६१,४७,१४०.०० | २,३२,०४,७६७.९४ | ६४.२ |
| | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ० | ० | ० |
| | पूँजीगत अनुसन्धान तथा परामर्श | १०,००,०००.०० | ९,७८,६२०.०० | ९७.८६ |
| | भैपरी आउने पूँजीगत | ० | ० | ० |
| | जम्मा | ४६,८१,७१,९७५.०० | ३७,६८,५३,६६०.०६ | ८०.४९ |

**(१३) आर्थिक वर्ष २०८१।०८२ को बैशाख देखि असार सम्म  सचालन गरेका कार्यक्रम र कार्यसम्पादनहरुः**

- दोस्रो आवधिक योजना (२०८२/०८३-२०८६/०८७) को तर्जुमामा सहजीकरणको कार्य गरेको आवधिक योजना तर्जुमाको काम सम्पन्न गरेको ।
- मध्यमकालिन खर्च संरचना तर्जुमाको अभिमुखिकरण तथा निर्माणको कार्य सम्पन्न गरेको।
- आ.ब. २०८२/०८३ को लागि स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठकको सहजीकरण तथा वडा कार्यालय र विषयगत शाखाहरुलाई सीमा र मार्गदर्शन प्रदान गर्ने कार्यमा सहजीकरण गरेको ।
- आ.ब. २०८२/०८३ को लागि नीति तथा कार्यक्रम तर्जुमाको मस्यौदा तर्जुमाको कार्य सम्पन्न गरेको ।
- बजेट तर्जुमा समितिको बैठक बसी वडा कार्यालय तथा विषयगत शाखाबाट प्राप्त बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमाको कार्य सम्पन्न गरेको ।
- पूर्वाधार समितिको बैठक बसी आ.ब. २०८२/०८३ मा यस गाउँपालिकाबाट कार्यान्वयन हुने पूर्वाधार निर्माणका योजना तथा कार्यक्रमको छनौट सम्पन्न गरेको ।
- आ.ब. २०८१/८२ मा ठेक्का तथा उपभोक्ता समिति मार्फत भएका योजना तथा कार्यक्रमहरुको अनुगमन कार्यको सहजीकरण गरेको ।
- ठेक्का तथा उपभोक्ता समिति मार्फत भएका योजना तथा कार्यक्रमहरुको भुक्तानी तथा फरफारकको कार्य सम्पन्न गरेको ।
- उपभोक्ता समिति मार्फत हुने ५ वटा पूर्बाधार निर्माणका कार्यको लागि सम्झौता भएको
- शिक्षा विकास तथा समन्वय इकाइ र गाउँपालिकाको संयोजनान १७ जना शिक्षकहरुका विज्ञान पाठ्यक्रम विषयको तालिम सम्पन्न भएको ।
- युवालयको आयोजनामा भयरहित शिक्षण विधि सम्बन्धी तालिम मिति २०८२ जेठ २५ २६ र २७ गतेका दिन १६ जना शिक्षकहरुको सहभागीतामा कार्यक्रम सम्पन्न भएको ।
- २०८२ साल जेठ २८ गतेका दिन शिक्षासम्बन्धी योजना निति र कार्यक्रमका बारेमा छलफल कार्यक्रम आयोजना भएको ।
- २०८२ साल असार ०६ र ०७ गतेका दिन एकीकृत पाठ्यक्रमका बारेमा कक्षा १-३ सम्मका विद्यालयका शिक्षकहरुका लागि क्षमता विकास तालिम सम्पन्न भएको ।
- BIG विद्यालय विकास सम्बन्धी कार्यक्रमका बारेमा २०८२ साल असार २९ गतेका दिन विग विद्यालयको प्रारम्भिक प्रतिवेदनको बारेमा छलफल कार्यक्रम सम्पन्न भएको ।
- २०८२ साल असार १८ गतेका प्रधनाध्यापकहरुको सहभागितामा शै स २०८१ को नतिजा समिक्षा एवं यस शैक्षिक सत्रको लक्ष्य निर्धारण सम्बन्धी कार्यक्रम सम्पन्न भएको ।

- आधारभूत तहको परिक्षामा २ विषयसम्म लागेका विद्यार्थीहरुका लागि पूरक परिक्षा संचालन गरिएको ।
- उच्च शिक्षा छात्रबृत्ति वितरणका लागि सुचना प्रकाशन भइ ३ जना विद्यार्थोको उच्च शिक्षा छात्रवृत्ति प्रदान गरिएको । त्यसै गरी जनभावना क्याम्पसमा अध्ययनरत ५ जना विद्यार्थीहरुलाई छात्रवृत्ति बापतको रकम प्रदान गरिएको ।

- संघीय शसर्त तर्फ प्राप्त भएको पुस्तकालय तथा ICT ल्याव निर्माण सम्बन्धी कार्यक्रम कार्यन्वयनका लागि विद्यालय छनोट गरी कार्यक्रम कार्यान्वयनका लागि सम्झौता गरी कार्य सम्पन्न पश्चात् अनुगमन गरी भुक्तानी दिएको ।

- उच्च शिक्षा छात्रबृत्ति वितरणका लागि सुचना प्रकाशन भइ ३ जना विद्यार्थोको उच्च शिक्षा छात्रवृत्ति प्रदान गरिएको । त्यसै गरी जनभावना क्याम्पसमा अध्ययनरत ५ जना विद्यार्थीहरुलाई छात्रवृत्ति बापतको रकम प्रदान गरिएको । सो कार्यसम्पादन गर्न छात्रवृत्ति वितरण समितिको बैठकहरु बसेको ।
- विपन्न लक्षित छात्रवृत्ति वापत ५३ जनालाई छात्रवृति वापतको रकम सम्बन्धित व्यक्तिको खातामा जम्मा गरिएको ।
- कक्षा ६-१२ सम्म अध्ययन गर्ने ४६२ बालबालिकालाई स्यानिटरी प्याड उपलब्ध गराउन विद्यालयको खातामा रकम उपलब्ध गराएको ।
- खुल्ला कथा कविता र निवन्ध प्रतियोगिताका लागि सुचना प्रकाशन गरी प्रतियोगिता सम्पन्न भएको भएको ।
- कोन्ज्योसोम प्रज्ञा प्रतिष्ठान दोस्रो वार्षिक मुख पत्र प्रकाशन भएको ।
- स्थानीय नव स्रष्टाको मनिषा गोलेको जन्मको सङघर्ष कथा संग्रह प्रकाशन भएको ।
- स्थानीय मौलिक बाजा डम्फु र टुङ्नाको खरिद गरिएको ।

- सम्पत्ती वाडफाड सम्बन्धी विवादको मिलापत्र भएको ।
- शंखुमा ACF क्षयरोग स्क्रिनिंग क्याम्प संचालन भएको ।
- क्षयरोग कार्यक्रमको स्थलगत अनुशिक्षण तथा सुपरिबेक्षण,क्षयरोग दिवस , स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न ।
- नियमित खोप सुदृधिकरण तथा पूर्ण खोप सुनिस्चितताका लागि वडामा पालिका बाट डाटा भेरिफिकेसन ,नमुना सर्वेक्षण,पाच वटै वडा र पालिका पुर्णखोप सुनिस्चितता तथा प्रमाणीकरण सम्पन्न ।
- दोस्रो चरणको रास्ट्रिय भिटामिन ए तथा जुकाको औसधि आम वितरण कार्यक्रम सम्पन्न ।

- किशोर किशोरी स्वास्थ्य सेवा अन्तर्गत बिद्यालय स्वास्थ्य शिक्षा ,ब्यबस्थापन समिति अभिमुखीकरण सम्पन्न ।
- पुर्णखोप सुनिश्चतता पालिका घोषणा जेष्ठ २९ भएको ।
- ५ वटै स्वास्थ्य संस्थामा न्युनतम सेवा मापदण्ड स्वमुल्यांकन कार्यक्रम सम्पन्न ।
- पालिका मातहतका ३ वटा बिद्यालयमा पोषण सप्ताह कार्यक्रम सम्पन्न ।
- डेंगु लगायत किटजन्य रोगहरुको नियन्त्रणका लागि सरोकारवालासंग अभिमुखीकरण कार्यक्रम सम्पन्न ।
- डेंगु लगायत किटजन्य रोगहरुको नियन्त्रणका लागि बिद्यालय शिक्षा कार्यक्रम सम्पन्न ।
- PNC Home visit समिक्षा कार्यक्रम सम्पन्न भएको ।
- प्रजनन रुग्नता स्वास्थ्य शिबिर –पाठेघरको मुखको क्यान्सर, आंग खस्ने ,स्तन क्यान्सर स्क्रिनिंग (दलचोकी,शंखु ) सम्पन्न भएको ।
- बाली उपचार शिविर कार्यक्रम अन्तरगत फौजि किराको नियन्त्रणको लागि खेत बारीमा उपचार सामाग्री वितरण नल्लु चौघरे शंखु र दलचोकी २५० जना कृषक लाभम्वित भएको ।
- रैथाने बालीहरुको उत्पादन प्रशोधन तथा बजार प्रबर्द्धनको लागि  नल्लु पाथीभारा मन्दिर परिसरमा एक दिने मेला प्रर्दशन सन्चालन गरेको ।
- कृषि तथा पशु पंछि मन्त्रालयको सफ्टवार मार्फत कृषि पशु पंछी तथा मत्स्य सम्बन्धि तथ्याङ्क आध्यवाधिक नल्लु वडा ४ बाट २०५ कृषकको घरधुरीबाट संकलन गर्न शुरुवात भएको
- विउ उत्पादनको लागि चौमासी सिमी र झाँके सिमिको मुल विउ बितरण (दलचोकी, शंखु भारदेउ, चौघरे) ।
- किसान सुचिकरण कार्यक्रम सम्पन्न भएको चौघरे वडा १ मा ३५० जना कृषकको सुचिकृत भएको
- रैथाने बाली उत्पादन, प्रसोधन, ब्रान्डिङ र बजार प्रवर्द्धनको लागि प्रदर्शन तथा बिक्री कक्षा स्थापनाको शुरुवात भएको ।
- कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बीउ बैंक सुदृढिकरण कार्यक्रम।
- उत्पादनमा आधारित दूधमा प्रोत्साहन कार्यक्रम अन्तर्गत आ.व. २०८०/०८१ मा कोन्ज्योसोम गाउँपालिका भित्रको ६९० किसानले १७ वटा दुग्ध उत्पादक सहकारी संस्था मार्फत बिक्रि गरिएको जम्मा दूधको परिमाण ३१,७१,८७०.२६ लि. लाई रु.२.२८/- को दरले सम्बन्धित कृषकको बैंक खाता मार्फत जम्मा अनुदान रकम रु. ७२,३१,८६३.९१३/-वितरण गरिएको।

- विपद प्रभावित पशुपालक कृषकलाई राहात वितरण कार्यक्रम ४७ जना विपद प्रभावित पशुपालक कृषकलाई राहात बैंक खाता मार्फत वितरण गरिएको।
- कृत्रिम गर्भाधान सेवा गाई-३५ वटा र भैंसी-१५० वटामा सञ्चालन भएको छ।
- नयाँ लघु उद्यमी तर्फ बेकरी सीप विकास तालिम २५ जनाको सहभागितामा कोन्ज्योसोम ३ दलचोकीमा सम्पन्न भएको ।
- १ महिने सिलाई कटाई एडभान्स तथा डिजाईनिङ सीप विकास कार्यक्रम १० जनाको सहभागितामा सम्पन्न भएको ।
- प्रविधि हस्तान्तरण कार्यक्रम १७ जनाको सहभागितमा सम्पन्न भएको ।
- ६ वटा मावि तहका विद्यालयहरुमा विद्यार्थी, अभिभावक तथा सरोकारवालाहरु बीच बाल विवाह अन्त्यका लागि अन्तर्क्रियात्मक छलफल तथा गोष्ठी सपन्न ।
- गृहिणी महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत वडा नं २ मा ३० जना र वडा न ४ मा २८ जनाको सहभागितामा अचार बनाउने तालिमका साथै वडा न ४ मा २० जनाको सहभागितामा सीप विकास तालिम सम्पन्न भएको ।
- सिलिङ्गे अवस्थित सडकमा आएको पहिरो पन्छाउने तथा सरसफाइ सम्बन्धी कार्य सम्पन्न भएको ।
- नल्लु खोला सरसफाइ सम्बन्धी कार्य सम्पन्न भएको ।
- ठोस्नेखोला थोकर टोलस्थित पहिरो पन्छाउने तथा सरसफाइ सम्बन्धी कार्य सम्पन्न भएको ।
- सिलिङ्गेबेसी लामदुवाली थोकरटोल र थिङ्गटोलको बस्ती सम्याउने तथा सरसफाइ सम्बन्धी कार्य सम्पन्न भएको ।
- ठेक्का तथा उपभोक्ता समिति मार्फत भएका सम्पूर्ण आयोजानाहरुको नापजाच गरी निर्माण कार्य भएका परिमाण सहितको कार्य सम्पन्न प्रतिवेदन तयार पारी भुक्तानीको लागि तयार परेको |
- जिल्ला समन्वय समिति र गाउँपालिकाको साझेदारी कार्यक्रम अन्तर्गतको नल्लु वडा कार्यालय तला थप योजनाको ठेक्का आवहान भइ सम्झौता गरी कामकारवाही आगाडी बढाइएको |
- विपद पश्चातको अस्थाई आवासको दोस्रो किस्ताको लागि फिल्ड पुगी प्राविधिक मुल्याकन गरी पेश गरेको | तेस्रो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम EFT मार्फत पञ्जीकरण उपशाखा, ईलाका प्रहरी कार्यालय-कोन्ज्योसोम तथा

बैंकको सहकार्यमा ५ वटै वडा कार्यालयहरुमा सामाजिक सुरक्षा वितरण कार्यक्रम सम्पन्न गरिएको,

- चौथो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम EFT मार्फत ९१८ जना लाभग्राहीहरुको बैंक खातामा जम्मा गरिएको,

**(१४) कार्यालयको वेभसाईट भए सोको विवरणः** www.konjyosommun.gov.np

**(१५) कार्यालयले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः**

कार्यालयले हालसम्म कुनै वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता गरेको छैन ।

**(१६) कार्यालयको क्षेत्रगत कार्यक्रम र सो को प्रगति प्रतिवेदनः**

## क्षेत्रगत बजेट तथा खर्च

| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८२/०३/३२ | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **क्षेत्र/उप क्षेत्र** | **विनियोजन** | **खर्च** | **खर्च (%)** |
| १ | आर्थिक विकास | २,४७,०३,०००.०० | २,१४,६६,७३५.०५ | ८६.९ |
| २ | सामाजिक विकास | १६,४४,१९,८५१.०० | १४,४३,५०,८२९.३० | ८७.७९ |
| १ | शिक्षा | १२,९१,६९,८५१.०० | ११,५२,७३,६१५.१९ | ८९.२४ |
| २ | स्वास्थ्य | १,३८,५८,०००.०० | १,२५,४९,८७५.०० | ९०.५६ |
| ३ | खानेपानी तथा सरसफाई | १,२२,१५,०००.०० | ७८,८८,१४८.११ | ६४.५८ |
| ४ | भाषा तथा संस्कृति | २५,५०,०००.०० | २५,४७,३७३.०० | ९९.९ |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | १७,५७,०००.०० | १५,१५,३५०.०० | ८६.२५ |
| ६ | युवा तथा खेलकुद | ३२,७०,०००.०० | ३२,०७,१९३.०० | ९८.०८ |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | १६,००,०००.०० | १३,६९,२७५.०० | ८५.५८ |
| ३ | पूर्वाधार विकास | १५,१०,१६,३१७.०० | ९,९३,६२,८८७.९४ | ६५.८ |
| १ | यातयात पूर्वाधार | ५,८१,४१,८७८.०६ | ३,३७,८०,६९३.०० | ५८.१ |
| २ | भवन, आवास तथा सहरी विकास | ७,७५,५७,२९८.९४ | ५,८०,५१,४११.९४ | ७४.८४ |

| | | | | |
|---|---|---|---|---|
| ३ | उर्जा | ७,१७,१४०.०० | ३,७०,०००.०० | ५१.५९ |
| ४ | संचार तथा सूचना प्रबिधि | १,००,०००.०० | ९५,०००.०० | ९५ |
| ५ | सम्पदा पूर्वाधार | १,४५,००,०००.०० | ७०,६५,७८३.०० | ४८.७३ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,१८,१५,६५८.०० | २,०१,२४,६९५.१६ | ९२.२५ |
| १ | वातावरण तथा जलवायु | ६,००,०००.०० | ४,८९,४४८.०० | ८१.५६ |
| २ | विपद व्यवस्थापन | ४५,००,०००.०० | ४१,३३,६८१.०० | ९१.८६ |
| ३ | मानब संशाधन विकास | ४,००,०००.०० | ० | ० |
| ४ | कानुन तथा न्याय | १,००,०००.०० | १,००,०००.०० | १०० |
| ५ | गरिबी निवारण | ९,३०,०००.०० | ७,२९,९३६.०० | ७८.४८ |
| ६ | श्रम तथा रोजगारी | ५६,७९,०००.०० | ५१,७०,५४५.१६ | ९१.०५ |
| ७ | योजना तर्जुमा र कार्यन्वयन | ११,४०,०००.०० | ११,१५,१९५.०० | ९७.८२ |
| ८ | अनुगमन तथा मूल्यांकन | ३५,००,०००.०० | ३४,९९,३७०.०० | ९९.९८ |
| ९ | प्रशासकीय सुशासन | १०,५०,०००.०० | ९,७०,३७०.०० | ९२.४२ |
| १० | वित्तीय सुशासन | ३९,१६,६५८.०० | ३९,१६,१५०.०० | ९९.९९ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०,६२,१७,१४९.०० | ९,१५,४८,५१२.६१ | ८६.१९ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०,६२,१७,१४९.०० | ९,१५,४८,५१२.६१ | ८६.१९ |
| कुल जम्मा | | ४६,८१,७१,९७५.०० | ३७,६८,५३,६६०.०६ | ८०.४९ |

**(१७) कार्यालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावलीः**

यस गाउँपालिकाको सम्पूर्ण सुचना विवरण तथ्यांक एवं आवश्यक दस्तावेजहरुको वर्गीकरण नगरेको र त्यस्ता सूचनाहरु गाउँपालिकाले प्रचलित एन नियमानुसार सुरक्षित राख्ने गरिएको छ ।

**(१८) कार्यालयमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः**

नेपाली नागरिक सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरुले गाउँपालिकासँग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ ।मिति २०८२ बैशाख देखि २०८२ असारसम्म लिखित रुपमा सुचना माग गरेको अवस्था छैन ।

(१९) कार्यालयका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरणःयस गाउँपालिका सम्बन्धी सूचनाहरु www.konjyosommun.gov.np र Konjyosom Rural Municipality नामको फेसबुक पेजमा प्रकाशन गर्ने गरिएको ।